उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजनाको प्रकाशन

# हिमाली कृषि सन्देश

त्रैमासिक

वर्ष - ४ अङ्क - ३ पूर्णाङ्क - १२ चैत्र - असार, २०७४

**कृषि व्यवसाय विकासद्वारा उत्पादन वृद्धि ! नाफा, रोजगारी र हिमाली भेगमा समृद्धि !!**

## जुम्ला, मुगु, नेपालगञ्ज, रूपन्देही र रसुवामा ADB Review Mission सम्पन्न

मिति २०७४ जेष्ठ ७ गते देखि १७ गतेसम्म जुम्ला, मुगु, नेपालगञ्ज र रूपन्देहीमा भएको ADB Review Mission मा ADB को तर्फबाट Mission टोलीमा बरिष्ठ कार्यक्रम अधिकृत श्री अरूण राणा र कार्यक्रम विश्लेषक श्री राजन आचार्य हुनुहुन्थ्यो भने आयोजनाको तर्फबाट आयोजना निर्देशक डा. विजय कान्त झा, लेखा अधिकृत श्री उज्जवल राज पन्थी, पशु चिकित्सक श्री सुक बहादुर नेपाली, International Team Leader Dr. Francesco Goletti, राष्ट्रिय टोली प्रमुख श्री दलराम प्रधान, अनुगमन तथा मुल्याङ्कन विज्ञ श्री पदम बहादुर शाक्य, जुम्ला र मुगुका DAES हरू श्री नारायण श्रेष्ठ (जुम्ला) र जगत भाम (मुगु), DMC हरू श्री डम्बर बहादुर रोकाय (जुम्ला) र श्री दिर्घराज पाद्याय (मुगु) हुनुहुन्थ्यो ।



Mission को क्रममा टोलीद्वारा जुम्ला, मुगु, नेपालगञ्ज र रूपन्देहीमा सञ्चालित उप-आयोजनाहरूको अवलोकन गरेको थियो । जस अन्तरगत सर्वप्रथम जुम्लाको चन्दननाथ गाँउपालिका-०१ स्थित राधा तरकारी तथा वीउ उत्पादन उद्योग (०८–०२७), दिदीबहिनी गाई पालन उद्योग (०८-००६) र कालिका मौसमी तथा बेमौसमी तरकारी उत्पादन फार्म (०८–०९२), चन्दननाथ गाँउपालिका-०५ स्थित कमला नेपाली हाते कागज उद्योग (०८-०५८), चन्दननाथ-०९ स्थित त्रिवेणी गाई पालन उद्योग (०८-००२) र सत्रखम्बा मौसमी तथा बेमौसमी ताजा तरकारी उत्पादन उद्योग (०८-११८), चन्दननाथ गाँउपालिका-०४ स्थित चेरेमालिका बाख्रा फार्म (०८-०१३), चन्दननाथ गाँउपालिका-०७ स्थित जि.एस.एम. केशर खेती उत्पादन उद्योग (०८-०४८) र भेडापालन फार्महरूको अवलोकन तथा अनुगमन गरेको थियो । मुगु जिल्लामा जिल्ला कृषि विकास कार्यालयमा ADB mission को टोलीले जिल्ला कृषि विकास र जिल्ला पशु सेवा कार्यालयका प्रतिनिधि सहित विभिन्न उप-आयोजनाहरूको संचालकहरूसंग छलफलको कार्यक्रम गरेको थियो । सो पश्चात उप-आयोजनाहरूको अवलोकन तथा अनुगमन गर्ने क्रममा सर्वप्रथम छाँयानाथ रारा नगरपालिका-०२ स्थित मिक बेकरी उद्योग (०९-०३४) र बसन्त मासु सेण्टर (०९-०३५), छाँयानाथ रारा नगरपालिका-०५ स्थित किसान च्याउ फार्म (०९-०७६) को अवलोकन गरियो साथै उप-आयोजनाहरूको काम सन्तोषजनक रहेको पाइयो । मुगु जिल्लाको अनुगमन तथा अवलोकन भ्रमण पछि टोलीले २०७४ जेष्ठ १५ गते नेपालगञ्जमा रहेको उप-आयोजना सत्या हर्बल प्रोडक्ट्स प्रा. लि. (MW–002) को अवलोकन गऱ्यो । नेपालगञ्जमा ADB मनिलाबाट आउनु भएकी Senior Economist, Sonoko Sunayama र AEC का टोली प्रमुख श्री राममणि पौडेल पनि Mission टोलीमा समावेस हुनु भएको थियो । उक्त टोलीले MW–002 उप-आयोजनाका संचालकसंग उप-आयोजनाको बारेमा सोधपुछ गर्नुको साथै उद्योग अवलोकन गऱ्यो । अवलोकनको क्रममा विभिन्न औषधी बनाउने कच्चा पदार्थहरू डोल्पा, जुम्ला, मुगु र हुम्लाबाट ल्याई औषधी उत्पादन गर्ने गरेको साथै उत्पादित औषधीको बजार राम्रो रहेको देखियो । २०७४ जेष्ठ १६ गते रूपन्देहीमा रहेको लुम्बिनी आयुर्वेद फार्मेसी प्रा. लि. (MW-008) को अवलोकन तथा अनुगमन टोलीले गऱ्यो । अनुगमन तथा अवलोकनको क्रममा मेसिनहरू ल्याई सकेको र जडान गर्न बाँकी रहेकोले मेसिन छिटो जडान गरी औषधी उत्पादनमा जोड दिनु पर्ने सुझाव टोलीले दिएको थियो ।



मिति २०७४ जेष्ठ १८ गते देखि १९ गतेसम्म रसुवा जिल्लामा भएको ADB Review Mission मा ADB को तर्फबाट Mission टोलीमा बरिष्ठ कार्यक्रम अधिकृत श्री अरूण राणा, कार्यक्रम विश्लेषक श्री राजन आचार्य र ADB मनिलाबाट आउनु भएकी Senior Economist, Sonoko Sunayama हुनुहुन्थ्यो भने आयोजनाको तर्फबाट आयोजना निर्देशक डा. विजय कान्त झा, राष्ट्रिय टोली प्रमुख श्री दलराम प्रधान, अनुगमन तथा मुल्याङ्कन विज्ञ श्री पदम बहादुर शाक्य, रसुवाका DAES श्री विरद लाल सिकु र DMC श्री गंगा अधिकारी हुनुहुन्थ्यो ।

Mission को क्रममा टोलीद्वारा रसुवा जिल्लामा सञ्चालित उप-आयोजनाहरूको अवलोकन गरेको थियो । जस अन्तरगत सर्वप्रथम रसुवाको गोसाईकुण्ड गाँउपालिका-०५ स्थित कृषि रेन्बो ट्राउट माछा पालन उद्योग (०४–०११), रसुवाको गोसाईकुण्ड गाँउपालिका-०६ स्थित न्यू हिमालयन रेन्बो ट्राउट माछा पालन, भुरा उत्पादन तथा दाना उद्योग (०४–००१), भोर्ले-०१ स्थित लोकिल कृषि फार्म (०४–०१०), कालिका गाँउपालिका-०३ स्थित धारापानी तरकारी उत्पादन केन्द्र (०४–०४५) लगायतका उप-आयोजनाहरूको अनुगमन गरेको थियो साथै धुन्चे स्थित Rainbow Trout Fisheries Research Station, NARC को पनि अनुगमन गरेको थियो ।



## सल्लाहकार

डा. विजय कान्त झा
*आयोजना निर्देशक*

दलराम प्रधान
*राष्ट्रिय टोली प्रमुख*

राममणी पौडेल
*टोली प्रमुख AEC/हिमाली*

## सम्पादक मण्डल

सन्ध्या न्यौपाने
*वरिष्ठ कार्यक्रम अधिकृत*

पद्म बहादुर शाक्य
*अनुगमन तथा मूल्यांकन विज्ञ*

कमल पौडेल
*सूचना तथा सञ्चार अधिकृत*

सुक बहादुर नेपाली
*पशु चिकित्सक*

## सहयोगी

रबि भण्डारी
*कम्प्यूटर अपरेटर*

## प्रकाशकीय/सम्पादकीय



कृषि व्यवसाय प्रवर्द्धन तथा जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले संचालित हिमाली आयोजना अन्तिम वर्षमा प्रवेश गरी सकेको छ । हिमाली कृषि सन्देशको यस अङ्कमा २०७३ साल चैत्र देखि २०७४ साल असार मसान्तसम्मको हिमाली आयोजनाको विशेष गतिविधिहरू समेट्ने प्रयास गरिएको छ ।

हालसम्मको अवस्थामा यस आयोजनाले लगानी गरेका उप-आयोजनाहरूवाट प्रतिफल प्राप्त हुन थालेका छन् । आयोजनामा कृषि व्यवसाय विकास अनुदानको लागि प्राप्त भएका २४४२ व्यवसायीक योजना प्रस्ताव मध्ये ११६४ व्यवसायीक योजना प्रस्तावहरूको मूल्यांकन भएको जसमा ६४८ व्यवसायीक योजनाहरू स्वीकृत भई सम्झौता गरिएको जसमध्ये ९ वटा उप-आयोजनाहरूको सम्झौता रद्द भई बाँकी उप-आयोजनाहरू कार्यान्वयनमा रहेका छन् । कार्यान्वयनमा रहेका ६३९ उप-आयोजनाहरू (भूकम्पबाट क्षति पुगेका २९ उप-आयोजनाहरूको पून:निर्माण/पून:स्थापना समेत) मा यस आयोजनाको रू. ८३,८६,३६,६३९/- र व्यवसायीको स्वंमको रू. ३०,५५,४५,१३८/- लगानी रहेको छ । हालसम्म आयोजनाद्वारा उप-आयोजनाहरूलाई रू. ७९,९२,५६,५३३/- (९५.३०%) भुक्तानी भई सकेको छ भने संचालनमा रहेको उप-आयोजनाहरूबाट २०७४ जेष्ठ मसान्तसम्ममा व्यवसायीहरूले रू. ४३,६८,७३,७२०/- आम्दानी प्राप्त गरी ७,९०३ जना (पूर्णकालीन तथा ज्यालादारी) रोजगारी श्रृजना भएको छ ।

हालसम्म आयोजनाको कार्यान्वयन अवस्था अत्यन्त सफल रहेको छ । हिमाली आयोजनालाई सफल बनाउन र हालसम्मको अवस्थामा ल्याउन सहयोग पुऱ्याउनु हुने AEC/हिमाली, ACI, आयोजना व्यवस्थापन कार्यालय, जिल्ला आयोजना समन्वयकर्ताको कार्यालयमा कार्यरत कर्मचारीहरू र अन्य सरोकारवालाहरूलाई समेत धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**डा. विजय कान्त झा**
**आयोजना निर्देशक**

## व्यवसाय योजना मूल्यांकन स्थिति

**उप-आयोजनाहरूको लगानी विवरण र २०७४ साल जेष्ठ मसान्तसम्मको भुक्तानी, आम्दानी र रोजगारी विवरण यस प्रकार रहेको छ :**








| जिल्ला/ जिल्ला कोड नं. | उप-आयोजना संख्या | अन्तिम भुक्तानी सम्पन्न उप-आयोजना संख्या | जम्मा लगानी र कम रू.(०००) | हिमाली अनुदान र कम रू.(०००) | व्यवसायी स्वमंको लगानी र कम रू.(०००) | सोध भर्ना भुक्तानी भएको अनुदान रकम रू.(०००) | हालसम्मको रोजगारी संख्या | हालसम्मको आम्दानी रू.(०००) |
|---|---|---|---|---|---|---|---|---|
| संखुवासभा (०१) | ५१ | ४५ | ७१,३८२ | ४६,५४० | २४,८४२ | ३९,८५३ | ५२४ | ३१,६६७ |
| सोलुखुम्बु (०२) | ४९ | ४६ | ५७,९४५ | ४४,०३७ | १३,९०९ | ३९,४६० | ५७१ | १८,८५६ |
| दोलखा (०३) | १४२ | १३८ | २४१,०८० | १७३,२६३ | ६७,८१७ | १६०,४७१ | २,५८३ | ९३,८४६ |
| रसुवा (०४) | ७१ | ६९ | ८९,५२४ | ६९,६८० | १९,८४५ | ६६,२८० | ४९२ | ५२,३८७ |
| मनाङ (०५) | २६ | २६ | १०१,१४८ | ६७,९४० | ३३,२०८ | ६६,९०८ | ४३८ | ५७,०७६ |
| मुस्ताङ (०६) | ३९ | ३९ | ७९,३९१ | ६०,९२२ | १८,४७० | ६०,४८४ | ४४७ | ६१,२१६ |
| डोल्पा (०७) | ७४ | ७१ | १३१,०६५ | १०४,१८८ | २६,८७७ | १०१,०७३ | ८६५ | ३२,८२४ |
| जुम्ला (०८) | ७० | ६९ | १२१,७२४ | ९४,९१७ | २६,८०७ | ९१,४७९ | ७०९ | ३९,५०३ |
| मुगु (०९) | ४५ | ४५ | ७३,५८७ | ५८,८७० | १४,७१७ | ५७,३१८ | २३० | ३४,७८२ |
| हुम्ला (१०) | ७० | ६८ | ८६,१९७ | ६८,९५७ | १७,२३९ | ६७,२०२ | ९५७ | १४,५६८ |
| क्षेत्रिय | २ | २ | ७८,६२५ | ३९,३१२ | ३९,३१२ | ३८,९४९ | ८७ | १५० |
| जम्मा : | ६३९ | ६१८ | १,१३१,६६७ | ८२८,६२५ | ३०३,०४२ | ७८९,४७६ | ७,९०३ | ४३६,८७४ |
| पूनर्निर्माण र पुन:स्थापना | २९ | २८ | १२,५१५ | १०,०१२ | २,५०३ | ९,७८० | - | - |
| जम्मा : | ६३९ | ६१८ | १,१४४,१८२ | ८३८,६३७ | ३०५,५४५ | ७९९,२५७ | ७,९०३ | ४३६,८७४ |

## अनुदान सम्झौता भएका उप-आयोजना विवरण (गताङ्कवाट क्रमस:)

असार २०७४ सम्म अनुदान सम्झौता भएका गताङ्कवाट क्रमस व्यवसाय योजनाहरूको विवरण यस प्रकार छ :

| क्र.सं | जिल्ला | आयोजना कोड | व्यवसाय योजना/ उद्देश्य | प्रस्तावक व्यक्ति/संस्था र सम्पर्क | सम्झौता मिति | व्यवसायको लगानी (रू.) कूल | अनुदान | स्वलगानी | भूक्तानी (रू.) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जुम्ला | ०८-१०५ | भेडा पालन | दल बहादुर बुढा, नेउरीगाड भेडा पालन उद्योग, बुम्रमाडीचौर -०४ | २४/०३/२०७३ | १,२२०,२७५ | ९७६,२२० | २४४,०५५ | ९७६,२२० |
| २ | जुम्ला | ०८-१०७ | अत्तिस तथा अकरकारा खेती | राजु बहादुर बुढा, निपाने मुगार जडिबुटी उत्पादन उद्योग, डिल्लीचौर -०४ | २४/०३/२०७३ | ७१५,५१० | ५७२,४०८ | १४३,१०२ | ५७१,४१० |
| ३ | जुम्ला | ०८-१०९ | अत्तिस तथा कुट्की खेती | अनन्त कठायत, रिया जडिबुटी खेती उद्योग, बुम्रमाडीचौर -०१ | २४/०३/२०७३ | ७८७,६७३ | ६३०,१३८ | १५७,५३५ | ६२९,५२६ |
| ४ | जुम्ला | ०८-११० | स्याउ खेती | हरि बहादुर भण्डारी, अर्गानिक एप्पल ल्याण्ड, गञ्ज्याङकोट -०२ | २४/०३/२०७३ | १,४३८,१३२ | १,१५०,५०५ | २८७,६२६ | १,०७३,७०६ |
| ५ | जुम्ला | ०८-११५ | भेडा पालन | कालो रावत, सुर्य प्रगतिशिल भेडा पालन उद्योग, ताम्ती -०४ | २४/०३/२०७३ | १,२६७,१०० | १,०१३,६८० | २५३,४२० | १,०१३,६८० |
| ६ | जुम्ला | ०८-११८ | तरकारी खेती | पाना रावल, सत्रखम्बा मौष्मी तथा बेमौष्मी ताजा तरकारी उत्पादन उद्योग, चन्दननाथ -१३ | २४/०३/२०७३ | ५९२,५३० | ४७४,०२४ | ११८,५०६ | ४७४,०२४ |
| ७ | जुम्ला | ०८-१२२ | स्याउ खेती | रतन बहादुर शाही, पानधारा स्याउ फारम उद्योग, कालिकाखेतु -०२ | २४/०३/२०७३ | ५२५,३८३ | ४२०,३०६ | १०५,०७७ | ३८६,०६२ |
| ८ | जुम्ला | ०८-१३० | अत्तिस खेती | विर्ष सार्की, दिलक फलफुल नर्सरी उद्योग, देपालगाँउ -०३ | २४/०३/२०७३ | ४३७,५१० | ३५०,००८ | ८७,५०२ | ३४९,७२८ |
| ९ | जुम्ला | ०८-१३१ | तरकारी खेती | गगन बहादुर शाही, कल्पना मौषमी तथा तरकारी उत्पादन उद्योग, नराकोट -०१ | २४/०३/२०७३ | १,०००,७५० | ८००,६०० | २००,१५० | ८००,६०० |
| १० | जुम्ला | ०८-१३२ | तरकारी खेती | रामु भट्टराई, तातोपानी मौषमी तथा बेमौषमी तरकारी उत्पादन उद्योग, तातोपानी -०२ | २४/०३/२०७३ | ५८०,०३० | ४६४,०२४ | ११६,००६ | ४६२,६६५ |
| ११ | जुम्ला | ०८-१३३ | स्याउ खेती | धनराज खत्री, चन्दननाथ स्याउ फार्म उद्योग, गञ्ज्याङकोट -०७ | २४/०३/२०७३ | ४०८,१६५ | ३२६,५३२ | ८१,६३३ | ३१३,८९२ |
| १२ | जुम्ला | ०८-१३७ | अत्तिस तथा अकरकारा खेती | बिर बहादुर बुढा, बिस्कुले जडिबुटी उतपादन उद्योग, पटमारा -०६ | २४/०३/२०७३ | ४३६,००० | ३४८,८०० | ८७,२०० | ३४८,४४८ |
| १३ | जुम्ला | ०८-१३८ | बाख्रा पालन | कोईऱ्या कठायत, न्यू कठायत बाख्रा पालन उद्योग, चन्दननाथ -०४ | २४/०३/२०७३ | १,१९३,३६२ | ९५४,६८९ | २३८,६७२ | ९५४,३४९ |
| १४ | जुम्ला | ०८-०६७ | स्याउ खेती | अमर सिंह बुढथापा, चन्द्र कमल फलफूल खेती तथा प्रशोधन उद्योग, चन्दननाथ -०५ | ३०/०४/२०७३ | १,३९१,१६८ | १,११२,९३४ | २७८,२३४ | १,१०३,४९३ |
| १५ | जुम्ला | ०८-१३६ | अत्तिस तथा अकरकारा खेती | दान बहादुर बुढा, कोटेना जडिबुटी उद्योग, शनिगाँउ -०४ | ३२/०४/२०७३ | १,०३९,४०० | ८३१,५२० | २०७,८८० | ८००,००० |
| १६ | जुम्ला | ०८-१२९ | स्याउ खेती | देबेन्द्र बहादुर शाही, मासपाटी स्याउ सिमी उत्पादन उद्योग, चन्दननाथ -१४ | २१/०५/२०७३ | ४४८,६२६ | ३५८,९०१ | ८९,७२५ | ३५८,९०१ |
| १७ | जुम्ला | ०८-१०६ | स्याउ खेती | वृष बहादुर कठायत, महादेब स्याउ फारम उद्योग, डिल्लीचौर -०६ | २३/०५/२०७३ | ३३०,२१५ | २६४,१७२ | ६६,०४३ | २५७,६३७ |
| १८ | जुम्ला | ०८-१०१ | स्याउ खेती | नर बहादुर रावत, हिमा फलफूल उद्योग, मालिकाबोता -०९ | २६/०५/२०७३ | १,०४४,६१२ | ८३५,६९० | २०८,९२२ | ८३५,६८६ |
| १९ | जुम्ला | ०८-११३ | भेडा पालन | मान बहादुर ऐडी, खानी बिजौरा भेडा पालन उद्योग, पातारासी -०३ | ०१/१२/२०७३ | ७१०,३५० | ५६८,२८० | १४२,०७० | ५५५,८०० |
| २० | मुगु | ०९-०५४ | भेडा पालन | भिम बहादुर शाही, कर्णाली व्यवसायिक भेडा पालन फार्म,सुकाढिक -०७ | ०९/०८/२०७२ | १,८८१,३७३ | १,५०५,०९८ | ३७६,२७५ | १,४६१,०९९ |
| २१ | मुगु | ०९-०८८ | बाख्रा पालन | हस्त बहादुर शाही, मष्टादेव बाख्रा पालन फर्म,सुकाढिक -०३ | ०९/०८/२०७२ | १,९१५,८५१ | १,५३२,६८१ | ३८३,१७० | १,४८८,६८० |
| २२ | मुगु | ०९-०६४ | बाख्रा पालन | सानुमाया मल्ल, लक्ष्मी बाख्रा पालन फर्म,श्रीनगर -०४ | २४/०८/२०७२ | १,७७७,०४० | १,४२१,६३२ | ३५५,४०८ | १,४३६,९१२ |
| २३ | मुगु | ०९-०५८ | भेडा पालन | धनराज ऐडी, कोटिला भेडा पालन फर्म,पिना -०६ | २५/०८/२०७२ | १,७०५,५९८ | १,३६४,४७८ | ३४१,१२० | १,३१२,४७८ |
| २४ | मुगु | ०९-०६२ | बाख्रा पालन | बखत बहादुर मल्ल, बि. एन. पशुपालन फर्म,नाथर्पु -०१ | १७/११/२०७२ | १,८३४,५५५ | १,४६७,६४४ | ३६६,९११ | १,४२३,६४४ |
| २५ | मुगु | ०९-०८३ | भेडा पालन | कल बहादुर कार्की, पोखरी भेडा पालन फर्म,जिमा -०८ | १७/११/२०७२ | १,४१९,१९३ | १,१३५,३५५ | २८३,८३९ | १,१३५,३५५ |
| २६ | मुगु | ०९-०७७ | बाख्रा पालन | जर्मन नेपाली, दलित बाख्रा पालन फर्म,नार्थुपु -०४ | १५/१२/२०७२ | १,५०१,९५० | १,२०१,५६० | ३००,३९० | १,१२३,९६० |
| २७ | मुगु | ०९-०७८ | बाख्रा पालन | रत्न कामी, बि. के. बाख्रा पालन फर्म,श्रीनगर -०८ | १५/१२/२०७२ | १,३००,८६५ | १,०४०,६९२ | २६०,१७३ | १,०३७,०९२ |
| २८ | मुगु | ०९-०६५ | चिनो तथा फापर प्रशोधन | डबल बहादुर रोकाया, चौतारा चिनो फापर प्रशोधन उद्योग,कार्कीवाडा -०४ | २२/१२/२०७२ | २,६९०,८६३ | २,१५२,६९० | ५३८,१७३ | २,१३६,६९० |
| २९ | मुगु | ०९-०७६ | च्याउ उत्पादन | रामराज कार्की, किसान च्याउ उत्पादन फर्म,कार्कीवाडा -०७ | २२/१२/२०७२ | १,०७३,८५२ | ८५९,०८१ | २१४,७७० | ८५८,२८२ |
| ३० | मुगु | ०९-०८५ | स्याउ खेती | दन्त रुपा भाम, मुस्या चौर स्याउ खेती फर्म,कार्कीवाडा -०४ | २२/१२/२०७२ | ६७२,३८२ | ५३७,९०६ | १३४,४७६ | ५३७,९०६ |
| ३१ | मुगु | ०९-०५५ | फलफूल नर्सरी स्थापना | जसबिर भाम, ताल्चा फलफूल नर्सरी,कार्कीवाडा -०२ | २३/१२/२०७२ | ८०७,८०० | ६४६,२४० | १६१,५६० | ६४६,२४० |
| ३२ | मुगु | ०९-०८४ | फलफूल नर्सरी स्थापना | सक्क बहादुर बुढा, रितेश एण्ड दिपेश फलफूल नर्सरी,कार्कीवाडा -०६ | २३/१२/२०७२ | ८१४,७९९ | ६५१,८३९ | १६२,९६० | ६५१,८३९ |
| ३३ | मुगु | ०९-०९३ | मौरी पालन | दशरथ रावल, हिमालयन मौरी सरोकार केन्द्र,कार्कीवाडा -०४ | २८/१२/२०७२ | ९७७,०६५ | ७८१,६५२ | १९५,४१३ | ७८१,४५१ |
| ३४ | मुगु | ०९-०७३ | बाख्रा पालन | राज बहादुर शाही, कालिका बाख्रा पालन फर्म,श्रीकोट -०२ | २९/१२/२०७२ | १,७५२,६९० | १,४०२,१५२ | ३५०,५३८ | १,३७८,१५२ |
| ३५ | मुगु | ०९-०८७ | अत्तिस तथा सतुवा खेती | कर्ण सिंह बोहरा, महादेव जडिबुटी नर्सरी,रूगा -०३ | २५/०४/२०७३ | ४४८,०८८ | ३५८,४७० | ८९,६१८ | ३५८,४७० |
| ३६ | हुम्ला | १०-१२२ | च्याङ्ग्रा पालन | टेक बहादुर लामा, सिङगे राल्वा पश्मिना उद्योग,बरगाँउ -०१ | २७/०८/२०७२ | ९३६,१२८ | ७४८,९०२ | १८७,२२६ | ६८७,३०० |
| ३७ | हुम्ला | १०-०६२ | च्याङ्ग्रा पालन | हर्क बहादुर बोहोरा, ठेहे बहुउद्देशीय सहकारी संस्था लि.,ठेहे -०२ | ०४/०९/२०७२ | १,०१६,००० | ८१२,८०० | २०३,२०० | ८१२,००० |
| ३८ | हुम्ला | १०-०८५ | बाख्रा पालन | बम बहादुर सिंह, चौड स्थानिय भेडा बाख्रा पालन फर्म,साया -०७ | ०४/०९/२०७२ | २,११५,८१२ | १,६९२,६५० | ४२३,१६२ | १,६९२,५१० |
| ३९ | हुम्ला | १०-११३ | मौरी पालन | हरि लाल बुढा, घट्टेखोला मौरीपालन व्यवसायिक फर्म,मेल्छाम -०१ | ०४/०९/२०७२ | ६१०,५०० | ४८८,४०० | १२२,१०० | ४७२,८०० |
| ४० | हुम्ला | १०-१३० | बाख्रा पालन | मुगा बोहोरा, तारा बाख्रा पालन फर्म,कालिका -०५ | ०४/०९/२०७२ | ६२४,४०१ | ४९९,५२१ | १२४,८८० | ४८७,१२१ |
| ४१ | हुम्ला | १०-१३२ | भेडा पालन | जनक बहादुर शाही, शाही भेडा पालन फर्म,खार्पुनाथ -०४ | ०४/०९/२०७२ | १,२६५,२५५ | १,०१२,२०४ | २५३,०५१ | १,०१२,२०३ |
| ४२ | हुम्ला | १०-१३५ | भेडा पालन | तारा भण्डारी, भण्डारी भेडा पालन फर्म,ठेहे -०६ | ०४/०९/२०७२ | ६०५,७९६ | ४८४,६३७ | १२१,१५९ | ४७६,६३७ |
| ४३ | हुम्ला | १०-१३७ | तरकारी खेती | सरिता रावल, सरिता तरकारी उत्पादन केन्द्र,सिमकोट -०६ | ०४/०९/२०७२ | ६५१,०१६ | ५२०,८१३ | १३०,२०३ | ५२०,८१३ |
| ४४ | हुम्ला | १०-०८३ | मौरी पालन | तुलसी शाही, हुम्ला मौरी पालन व्यवसाय फर्म,गोठी -०७ | ०५/०९/२०७२ | १,१७७,००० | ९४१,६०० | २३५,४०० | ९२४,४८० |
| ४५ | हुम्ला | १०-११८ | भेडा पालन | छत्र बहादुर मल्ल, विपिन भेडा पालन फर्म,मैला -०५ | ०५/०९/२०७२ | १,६०८,४१९ | १,२८६,७३५ | ३२१,६८४ | १,२८२,७३५ |
| ४६ | हुम्ला | १०-१२९ | बाख्रा पालन | कुसुम कला कुमारी शाही, राडिकाट्टे बाख्रा पालन फर्म,गोठी -०५ | ०५/०९/२०७२ | ५६२,२७० | ४४९,८१६ | ११२,४५४ | ४४९,८१५ |
| ४७ | हुम्ला | १०-१३१ | बाख्रा पालन | राधिका शाही, सर्केगाड बाख्रा पालन फर्म,साया -०६ | ०५/०९/२०७२ | ७१५,८९७ | ५७२,७१८ | १४३,१७९ | ५३५,५१० |
| ४८ | हुम्ला | १०-१३९ | भेडा पालन | जुना कुमारी सिंह, नौमुले भेडा पालन फर्म,कालिका -०४ | ०५/०९/२०७२ | ८०१,००० | ६४०,८०० | १६०,२०० | ६१४,९३६ |
| ४९ | हुम्ला | १०-१४० | च्याङ्ग्रा पालन | बाँच बहादुर जेठारा, लेख च्याङ्ग्रा पालन फर्म,छिप्रा -०९ | ०५/०९/२०७२ | ७३०,१७५ | ५८४,१४० | १४६,०३५ | ५७२,१४१ |
| ५० | हुम्ला | १०-१०८ | वायो-व्रिकेट उत्पादन | बिमला कुमारी शाही, बिमला वायो व्रिकेट फर्म,सिमिकोट -०५ | ०६/०९/२०७२ | १,५३८,३०७ | १,२३०,६४६ | ३०७,६६१ | १,२३०,२०० |
| ५१ | हुम्ला | १०-११९ | बाख्रा पालन | चक्र बहादुर शाही, रोशन बाख्रा पालन फर्म,मैला -०५ | ०६/०९/२०७२ | १,८७४,९९० | १,४९९,९९२ | ३७४,९९८ | १,४९९,९९२ |
| ५२ | हुम्ला | १०-१२० | भेडा पालन | रत्न बहादुर शाही, छाँया भेडा पालन फर्म,मैला -०५ | ०६/०९/२०७२ | १,९३३,८१५ | १,५४७,०५२ | ३८६,७६३ | १,५४७,०५२ |
| ५३ | हुम्ला | १०-१२१ | बाख्रा पालन | धिरेन्द्र बहादुर शाही, कोपिला बाख्रा पालन व्यवसायिक फर्म,मैला -०५ | ०६/०९/२०७२ | १,७३५,५८४ | १,३८८,४६८ | ३४७,११७ | १,३८८,४६८ |
| ५४ | हुम्ला | १०-१२३ | बाख्रा पालन | सुत्र बहादुर शाही, सफल बाख्रा पालन फर्म,मैला -०५ | ०६/०९/२०७२ | १,१९२,१४० | ९५३,७१२ | २३८,४२८ | ९१४,८०० |
| ५५ | हुम्ला | १०-१२७ | भेडा पालन | भैऱ्या शाही, जनक भेडा पालन व्यवसायिक फर्म,मैला -०५ | ०६/०९/२०७२ | १,२५२,६५१ | १,००२,१२१ | २५०,५३० | ९०४,८५६ |
| ५६ | हुम्ला | १०-१३३ | सुगन्धित तेल उत्पादन | कल्पना रावत, हिमाली तेल प्रशोधन उद्योग,सिमिकोट -०३ | ०६/०९/२०७२ | २,१८१,९४० | १,७४५,५५२ | ४३६,३८८ | १,६८८,७७२ |
| ५७ | हुम्ला | १०-१३४ | स्याउ खेती | पार्वती जेठारा, दिपेश एण्ड अमर स्याउ फर्म,छिप्रा -०६ | ०६/०९/२०७२ | ९७२,०७० | ७७७,६५६ | १९४,४१४ | ७५९,५२१ |
| ५८ | हुम्ला | १०-१३६ | स्याउ खेती | प्रतिमा बोहोरा, प्रकाश स्याउ फर्म,ठेहे -०२ | ०६/०९/२०७२ | ६९७,२११ | ५५७,७६९ | १३९,४४२ | ५५६,९६९ |
| ५९ | हुम्ला | १०-०७९ | बाख्रा पालन | दिल बहादुर शाही, विनायक पाटन बाख्रा पालन फार्म,दार्मा -०१ | २०/०९/२०७२ | १,५०४,१४१ | १,२०३,३१३ | ३००,८२८ | १,१९१,२५७ |
| ६० | हुम्ला | १०-१५५ | याक (चौरी) पालन | तोप्कयाल लामा, रिभुरभुर याक फार्म,बरगाँउ -०७ | २९/१२/२०७२ | २,०९६,८०० | १,६७७,४४० | ४१९,३६० | १,६७७,०४० |
| ६१ | हुम्ला | १०-१२४ | स्याउ खेती | मोतिसरा दमाई, सर्किदेउ स्याउ फार्म,बरगाँउ -०७ | २८/०४/२०७३ | ९३४,२४० | ७४७,३९२ | १८६,८४८ | ७३०,७९२ |
| ६२ | हुम्ला | १०-०८६ | बाख्रा पालन | भक्तविर दमाई, स्याडा मष्टादेव बाख्रा पालन फार्म,स्याडा -०२ | ०२/०८/२०७३ | १,१९४,२५७ | ९५५,४०६ | २३८,८५१ | ९५३,४७५ |
| ६३ | क्षेत्रिय | MW-००८ | आयुर्वेदिक औषधी उत्पादन | डा. यज्ञमूर्ति भट्टराई, लुम्बिनी आयुर्वेद फार्मेसी प्रा. लि.,तिलोत्तमा -२०, रूपन्देही | २९/०१/२०७३ | ४३,०४८,३३४ | २१,५२४,१६७ | २१,५२४,१६७ | २१,४२४,९४९ |

## तेस्रो चौमासिकको प्रमुख गतिविधिः २०७३/७४

### समीक्षा गोष्ठी सम्पन्न

आयोजनासंग सम्बद्ध जिल्ला स्तरका सरोकारवाला र व्यवसायीहरूसंग प्रत्यक्ष सम्पर्क गर्ने र आयोजना कार्यान्वयनमा देखा परेका चुनौती र अप्ठेराहरु पहिचान गरी सुधार गर्ने माध्यमको रुपमा आयोजनाले प्रत्येक वर्ष आयोजना संचालित प्रत्येक जिल्लामा एक पटक यस्ता गोष्ठीहरू आयोजना गर्ने गरेको छ । यस चौमासिक अवधिमा ३ वटा जिल्लामा गोष्ठी संचालन गरियो ।

#### मुगु

उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजना र जिल्ला कृषि विकास कार्यालय मुगुको संयुक्त आयोजनामा यहि मिति २०७४ साल जेष्ठ १० गतेका दिन मुगु जिल्लाको सदरमुकाम गमगडीमा हिमाली आयोजनाद्धारा अनुदान प्राप्त उप-आयोजना व्यवसायी तथा सरोकारवालाहरूसंगको अन्तक्रिया गोष्ठी सम्पन्न भयो ।

गोष्ठीमा उप-आयोजनाका व्यवस्थापकहरू, सरोकारवाला निकायहरू, स्थानीय राजनैतिक दलका पदाधिकारी, विभिन्न सरकारी तथा गैन्ह सरकारी निकायहरू, पत्रकारहरू र व्यवसायीहरु गरि जम्मा ६२ जनाको सहभागिता रहेको थियो ।



उक्त गोष्ठीको कार्यक्रम दुई भागमा विभाजन गरिएको थियो । पहिलो सेसनको अध्यक्षता जिल्ला विकास समिति मुगुका स्था.वि.अ. श्री विजय राज पौडेलले गर्नु भएको थियो भने दोस्रो सेसनको अध्यक्षता हिमाली आयोजनाका वरिष्ठ कार्यक्रम अधिकृत श्री सन्ध्या न्यौपानेज्यूले गर्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथिमा मुगु जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शरद कुमार पोखेल ज्यूको उपस्थिती रहेको थियो । जिल्ला स्थित हिमाली आयोजनाका जिल्ला कृषि उद्यम विज्ञ श्री जगत भामबाट कार्यक्रम संचालन भएको थियो । कार्यक्रमको उद्घाटन स्था.वि.अ. र प्र.जि.अ. ज्यूबाट व्यानर पढेर संयुक्त रूपमा गर्नु भएको थियो । उक्त कार्यक्रममा अतिथि एवं सम्पूर्ण सहभागीहरुलाई जिल्ला कृषि विकास कार्यालय मुगुका निमित्त कार्यालय प्रमुख श्री राम सुरत पालले स्वागत गर्नु भएको थियो ।

स्वागत मन्तब्य पछि हिमाली आयोजना मुगुका जिल्ला कृषि उद्यम विज्ञ श्री जगत भामज्यूबाट हिमाली आयोजनाद्धारा यस जिल्लामा संचालित उप-आयोजनाहरूको वस्तुस्थिति वारे आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आफ्नो प्रस्तुतीकरणको सिलसिलामा वहाँले यस जिल्लामा हाल सम्म ४६ वटा उप-आयोजनाहरु स्विकृत भई कार्यान्वयनको अवस्थामा रहेको जानकारी गराउनु भएको थियो ।

त्यस्तै दोश्रो प्रस्तुती कार्यक्रमका सभापती एवं वरिष्ठ कार्यक्रम अधिकृत श्री सन्ध्या न्यौपानेज्यूबाट राष्ट्रिय स्तरको हिमाली आयोजनाको गतिविधि वारे आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

दुईवटा कार्यपत्रको प्रस्तुतीकरण पछि छलफल एवं जिज्ञासाको कार्यक्रम गरीएको थियो । उक्त खुल्ला छलफलमा विभिन्न क्षेत्रका सहभागीहरूले आफ्ना जिज्ञासाहरु प्रस्तुत गरेका थिए ।

यसरी खुल्ला छलफलको क्रममा उठेका जिज्ञासाहरूमा वरिष्ठ कार्यक्रम अधिकृत श्री सन्ध्या न्यौपाने, जिल्ला कृषि विकास कार्यालय मुगु, जिल्ला पशु सेवा कार्यालय, मुगु तथा हिमाली आयोजना मुगुका प्रतिनिधिबाट सहभागीहरूको जिज्ञासा माथी सम्बोधन भएको थियो ।

यसरी छलफल कार्यक्रम समाप्त भए पछि अन्तमा जिल्ला पशु सेवा कार्यालय मुगुका कार्यालय प्रमुख डा. टंक प्रसाई ज्यूले सहभागीहरुलाई धन्यवाद दिनु भएको थियो । यस कार्यक्रमका सभापती एवं वरिष्ठ कार्यक्रम अधिकृत श्री सन्ध्या न्यौपानेज्यूबाट कार्यक्रम समापन गरिएको थियो । यसरी हिमाली आयोजनाको वार्षिक कार्यक्रम अनुसारको उक्त कार्यक्रम सबैको सहयोगमा सफलतापूर्वक सम्पन्न भएको थियो ।

#### हुम्ला

हुम्ला जिल्लामा जिल्ला स्तरीय समीक्षा तथा पृष्ठपोषण गोष्ठी मिति २०७४ साल जेष्ठ २० गते सिमकोट, हुम्लामा जिल्ला समन्वय समितिको सदस्य सचिव (स्थानीय विकास अधिकारी) श्री लोक बहादुर सुनारज्यूको सभापतित्व र श्री धन प्रसाद शर्मा पौडेल ज्यू, प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय, हुम्लाको प्रमुख आतिथ्यतामा सम्पन्न भयो ।

उक्त गोष्ठीमा विभिन्न राजनितिक दलका प्रतिनिधि, व्यवसायी र सरोकारवालाहरू गरी जम्मा ७० जनाको सहभागिता रहेको थियो । गोष्ठीमा हिमाली आयोजना, आयोजना व्यवस्थापन कार्यालय, हरिहर भवन, ललितपुरबाट व. का. अ श्री सन्ध्या न्यौपानेज्यू र खरिदार श्री यादव घिमिरेज्यू सहभागी हुनु भएको थियो भने हिमाली आयोजनाका हुम्ला जिल्लामा कार्यरत जिल्ला अनुगमन संयोजक श्री गगन बहादुर शाही, जिल्ला कृषि व्यवसाय अनुगमन कर्ता श्री रुपा सिंह शाही र जिल्ला कृषि व्यवसाय विज्ञ श्री कमल बहादुर छत्यालको पनि उपस्थिति रहेको थियो । गोष्ठीमा पाल्नु भएका सवै महानुभावहरूलाई जिल्ला पशु सेवा कार्यालयका पशु चिकित्सक श्री विजय चौधरीज्यूले आफ्नो मन्तव्य सहित स्वागत गर्नु भएको थियो ।



गोष्ठीमा हिमाली आयोजनाका वरिष्ठ कार्यक्रम अधिकृत श्री सन्ध्या न्यौपानेज्यूले हिमाली आयोजनाको कार्यान्वयन स्थितिको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने जिल्ला आयोजना समन्वयकर्ताको कार्यालय, जिल्ला कृषि विकास कार्यालय, हुम्ला योजना अधिकृत श्री ब्रह्मदेव शाहज्यूले हिमाली आयोजना अन्तर्गत हुम्ला जिल्लामा संचालित विभिन्न उप-आयोजनाहरूको वस्तुस्थितिको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतिकरण पछिको छलफलमा विभिन्न विषयमा सहभागीहरूले टिका टिप्पणी र सुझाव व्यक्त गर्नु भएको थियो । कार्यक्रममा सहभागीबाट उठेका जिज्ञाशाहरूको जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ, जिल्ला वन कार्यालयका प्रतिनिधि र हिमाली आयोजनाका वरिष्ठ कार्यक्रम अधिकृतद्धारा सामाधान गर्ने प्रयास भएको थियो ।



#### जुम्ला

मिति २०७४ साल जेष्ठ १० गतेका दिन जुम्ला जिल्लाको जिल्ला पशु सेवा कार्यालयमा पृष्ठपोषण तथा अन्तरकृया गोष्ठी सम्पन्न भएको थियो । उक्त गोष्ठीमा उप-आयोजनाहरूका संचालक, विभिन्न कार्यालयका कार्यालय प्रमुखहरू, सरोकारवाला निकायहरु र विभिन्न सरकारी निकायहरू गरि जम्मा ८६ जनाको उपस्थिती रहेको थियो । उक्त अन्तरकृया गोष्ठीमा हिमाली आयोजनाका आयोजना निर्देशक डा. विजय कान्त भा ज्यू, ADB Mission का सदस्यहरु ADB का बरिष्ठ कार्यक्रम अधिकृत श्री अरूण राणा र कार्यक्रम विश्लेषक श्री राजन आचार्य, International Team Leader Dr. Francesco Goletti राष्ट्रिय टोली प्रमुख श्री दलराम प्रधान, अनुगमन तथा मुल्याङ्कन विज्ञ श्री पदम बहादुर शाक्यको समेत अन्तरकृयामा सक्रिय सहभागिता रहेको थियो । छलफल मुख्यतया संचालनमा रहेका व्यवसायहरुलाई कसरी निरन्तरता दिन सकिन्छ भन्नेमा केन्द्रित रहेको थियो ।

### प्राविधिक समन्वय समितिको एघारौं बैठक

हिमाली आयोजना कार्यान्वयमा अन्तर विभागीय समन्वय जुटाउन, निर्देशन समितिलाई प्राविधिक सुझाव दिन र आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन गठित विभाग स्तरीय प्राविधिक समन्वय समितिको एघारौं बैठक असार २३, २०७४ मा सम्पन्न भएको छ ।



कृषि विभागका महानिर्देशक श्री डिलाराम भण्डारीज्यूको अध्यक्षतामा सम्पन्न सो बैठकमा हिमाली आयोजनाको हालसम्मको प्रगति, आयोजनाको म्याद थप र आयोजनाको म्याद थप पश्चात संचालन हुने कार्यक्रमको जानकारी सम्वन्धमा साथै अन्य विविध विषयहरुमा छलफल गरिएको थियो ।

### आयोजना निर्देशन समितिको बान्हौं बैठक

हिमाली आयोजनाको आयोजना निर्देशन समितिको बान्हौं बैठक पशुपन्छी विकास मन्त्रालयका सचिव तथा निर्देशन समितिका अध्यक्ष डा. युवक ध्वज जि. सी. ज्यूको अध्यक्षतामा २०७४, असार ३० का दिन सम्पन्न भएको छ ।



पशुपन्छी विकास मन्त्रालयको सभाहलमा आयोजित उक्त बैठकमा विगत बैठकका निर्णयहरूको कार्यान्वयन अवस्था वारे समीक्षा, आयोजनाको हालसम्मको प्रगति, आयोजनाको म्याद थप र आयोजनाको म्याद थप पश्चात संचालन हुने कार्यक्रमको जानकारी सम्वन्धमा र अन्य विविध विषयमा छलफल गरिएको थियो । साथै Nepal Resident Mission, ADB का बरिष्ठ कार्यक्रम अधिकृत श्री अरूण राणाज्यूद्वारा हाल जुम्ला, मुगु, रूपन्देही, नेपालगंज र रसुवा मा सम्पन्न भएको ADB Mission को Wrap-up पत्र बुंदागत रूपमा पशुपन्छी विकास मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा प्रस्तुत गर्नु भएको थियो ।

### तालीम

हिमाली आयोजनाले दश जिल्लामा रहेका विभिन्न मुल्य श्रृंखलाहरूमा आधारीत रहेर व्यवसायहरू संचालन गर्न, अनुभव साट्न तथा थप वस्तुगत प्राविधिक ज्ञान, सिप अभिवृद्धि गर्न विभिन्न समयमा तालीमको आयोजना गर्ने गरेको छ ।

#### विषय विशेषज्ञ क्षमता अभिबृद्धी तालीम (रेन्बो ट्राउट माछा पालन)

उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना, व्यवस्थापन कार्यालय हरिहरभवन, ललितपुरको आयोजनामा आयोजना कार्यक्षेत्र अन्तर्गतका ४ ओटा जिल्ला मनाङ, मुस्ताङ, दोलखा र रसुवा जिल्लाका जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयका गरि जम्मा १६ जना प्रविधिकहरूको सहभागिता रहेको विषय विशेषज्ञ क्षमता अभिबृद्धी (रेन्बो ट्राउट माछा पालन) तालीम मिति २०७४/०३/११ देखि २०७४/०३/१६ गते सम्म (६ कार्य दिन) रसुवा जिल्लाको धुन्चेमा संचालन भएको थियो । उक्त तालीमको संयोजकत्व हिमाली आयोजनाका पशु सेवा प्राविधिक श्री डम्मर बहादुर बम्मज्यूले गर्नु भएको थियो ।



तालीमको उद्घाटन सत्रमा स्वागत मन्तब्य राख्दै जिल्ला पशु सेवा कार्यालय, रसुवाका प्रमुख डा. विनोद कट्टेलज्यूले सम्पुर्ण सहभागी र अतिथिहरूलाई विषम परिस्थतीका वावजुद यस्तो विकट जिल्लामा सम्पुर्ण सहभागी पाल्नु भएकोमा हार्दिक स्वागत गर्दै यो तालीम लिई सके पछी आगामी दिनहरूमा आफ्नो जिल्लामा निकै उपयोगी हुने कुरामा विशेष जोर दिनु भएको थियो । तालीमको सम्पुर्ण पाठ्यक्रम बारे मत्स्य अनुसन्धान केन्द्र रसुवाका प्रा. अधिकृत श्री प्रेम तिमिल्सिनाज्यूले सहजीकरण गर्नुभएको थियो ।

तालीमकै क्रममा सहभागीहरूलाई मत्स्य अनुसन्धान केन्द्र, त्रिशुली, रेन्बो ट्राउट मत्स्य अनुसन्धान केन्द्र, धुन्चे, रसुवा, हिमालयन रेन्बो ट्राउट प्रोडक्सन प्रा. लि., धुन्चे, कृषि रेन्बो ट्राउट माछा पालन उद्योग, स्याफ्रु र न्यू हिमालयन रेन्बो ट्राउट माछापालन, भूरा उत्पादन तथा दाना उत्पादन, धुन्चेमा स्थलगत भ्रमण पनि गराईएको थियो ।

## विषय विशेषज्ञ क्षमता विकास तालीम (उच्च घनत्व स्याउ खेती)

मिति २०७४ साल जेठ २५ गतेका दिन उच्च घनत्व स्याउ खेती (High Density Apple Farming) तालीम एक समारोह बीच मनाङ जिल्लाको एग्रो मनाङ प्रा. लि. भ्राताङ, मनाङको सभाहलमा ब्यानर पढेर सुभारम्भ गरियो । उक्त समारोहमा स्वागत मन्तब्य राख्दै हिमाली आयोजनाका कृषि अर्थविज्ञ एवं यस तालीमका संयोजक श्री विष्णुप्रसाद ओभ्ााले सम्पुर्ण सहभागी र अतिथीहरुलाई हार्दिक स्वागत गर्नु भएको थियो । आयोजना कार्यक्षेत्र अन्तर्गतका ७ ओटा जिल्ला मनाङ, मुस्ताङ, सोलुखुम्व, डोल्पा, मुगु, हुम्ला र जुम्ला जिल्लाका जिल्ला कृषि विकास कार्यालय र वाग. बि. केन्द्र (सोलु) का गरि जम्मा १२ जना प्रविधिक तथा अधिकृतहरुले तालीम प्राप्त गर्नु भएको थियो । तालीमको सम्पुर्ण पाठ्यक्रम बारे एग्रो. मनाङ प्रा.लि.का निर्देशक श्री युवराज गुरुङ्ले सहजीकरण गर्नु भएको थियो । उक्त कार्यक्रमको संचालन जिल्ला कृषि व्यवसाय विज्ञ, जिल्ला कृषि बिकास कार्यालय मनाङका श्री चेतबहादुर थापाले गर्नु भएको थियो ।



तालीमकै क्रममा सहभागीहरूलाई मनाङ स्थित मनाङ अर्गानिक ओनियन फार्म, मनाङ अर्गानिक तरकारी उत्पादन उद्योग, स्वर्गदारी कृषि फार्म, एग्रो मनाङ प्रा.लि., मनाङ रेन्वो ट्राउट फार्म र याक होटल एण्ड एग्रो टुरिजम प्रमोशन सेन्टरमा स्थलगत भ्रमण पनि गराईएको थियो ।

सैदान्तिक कक्षा भन्दा व्यवहारिक कक्षालाई बढि प्राथमिकता दिएको यस तालीमबाट सहभागीहरुमा उच्च घनत्व स्याउ खेती बारे आफैले हेरेर र गरेर प्राबिधिक ज्ञान सीप हासिल गरेको, तालीम पश्चात सहभागीले उच्च पहाडी क्षेत्रमा एग्रो मनाङ प्रा.लि.ले गरेको स्याउ खेतीको तरीका अनुसार खेती गर्न सक्ने, र आवश्यक तरीकाहरु आफ्नो कार्यक्षेत्रमा लागु गर्न सक्ने, आफ्नो व्यवसाय घाटा वा नाफा कस्तो दिसामा छ सो कुरा आफैले पत्ता लगाई सुधार गर्न सक्ने र उत्पादनको आर्थिक बिश्लेषण गर्न जान्ने र व्यवसायलाई व्यवसायीक बनाउन फार्म अभिलेखको महत्वको आबश्यकता महशुस गरेको जस्ता महत्वपुर्ण उपलब्धिहरू हासिल गरेका छन् । उक्त तालीम २०७४ साल जेष्ठ ३० गते सम्पन्न भएको थियो ।

## भेडा/बाखा पालन तालीम

उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना, व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुरको आयोजनामा आयोजना कार्यक्षेत्र अन्तर्गत डोल्पा जिल्लाका भेडा, बाखा तथा च्यांग्रा पालन उप-आयोजनाका व्यवसायीहरुका लागि लक्षित गरिएको भेडा/बाखा पालन तालीम दुुई, डोल्पामा मिति २०७४।०२।०४ गतेबाट संचालन गरी २०७४।०२।०९ गते सम्पन्न गरिएको छ । हिमाली आयोजनाको अनुदान सहयोगमा डोल्पा जिल्लामा संचालित ३५ वटा भेडा, बाखा तथा च्याग्रा पालन उप-आयोजनाहरू मध्ये यस तालीमका लागि छनौट गरिएका जम्मा २० जना व्यवसायी मध्ये १८ जनाको सहभागीता रहेको थियो । जस अन्तर्गत १० जना पुरूष र ८ जना महिला रहेका थिए ।

आयोजनाका प्राविधिक सहायक श्री गणेश बहादुर थापाको संयोजक तथा जिल्ला पशु सेवा कार्यालय डोल्पाको प्राविधिक समन्वयमा संचालन भएको यो तालीमको मुख्य उद्देश्य भेडा, बाखा, च्यांग्रा उप-आयोजनामा संलग्न व्यवसायीहरुमा व्यवसायीक क्षमता अभिवृद्धि गर्ने रहेको थियो । उन्नत भेडा/बाखा पालन प्रविधिमा आधारित बिभिन्न विषयमा प्रयोगात्मक तथा सैदान्तिक गरी जम्मा २४ वटा कक्षाका आधारमा प्रशिक्षण कार्य संचालन भएको थियो ।



## भेडा/च्याङग्रा पालन तालीम

उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजनाको आयोजनामा आयोजना कार्यक्षेत्र अन्तर्गतका भेडा/च्याङग्रा पालन व्यवसायीहरुका लागि लक्षित गरिएको भेडा/च्याङग्रा पालन तालीम क्षेत्रीय पशु सेवा तालीम केन्द्र, पोखरामा मिति २०७४।०२।०५ गतेबाट संचालन गरी २०७४।०२।१० गते सम्पन्न भएको थियो । आयोजना कार्यक्षेत्र अन्तर्गतका २ ओटा जिल्ला मनाङ र मुस्ताङ जिल्लाका भेडा/च्याङग्रा पालन व्यवसायका जम्मा १८ जना व्यवसायीहरुले तालीम प्राप्त गर्नु भएको थियो । हिमाली आयोजनाका पशु चिकित्सक श्री विहारी महतो ज्यूको संयोजक तथा क्षेत्रीय पशु सेवा तालीम केन्द्र, पोखराको प्राबिधिक सहयोग रहेको सो तालीमको मुख्य उद्देश्य भेडा/च्याङग्रा पालन व्यवसायीहरुको भेडा/च्याङग्रा पालनमा कार्य क्षमता अभिवृद्धि गर्ने रहेको थियो । तालीममा हिमाली आयोजना/ (AEC) का टोली प्रमुख श्री राममणी पौडेलज्यूको पनि उपस्थिति रहेको थियो । व्यवसायीक भेडा/च्याङग्रा पालन प्रविधिमा आधारित बिभिन्न विषयमा प्रयोगात्मक तथा सैदान्तिक कक्षाहरुका आधारमा प्रशिक्षण कार्य संचालन भएको थियो ।



तालीमको क्रममा सहभागीहरूलाई पुम्दिभुम्दी गाउँ, कास्कीमा रहेको स्थानिय भेडा फार्म, बन्दिपुर, तनहुंमा रहेको बाखा फार्म र लाम्पाटन पोखरामा रहेको पशु सेवा फार्ममा स्थलगत भ्रमण पनि गराईएको थियो ।

## स्याउ खेती तालीम

उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना, आयोजना व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुरको आयोजनामा आयोजना कार्यक्षेत्र अन्तर्गत डोल्पा जिल्लाका स्याउ उप-आयोजनाका व्यवसायीहरुका लागि लक्षित गरिएको स्याउ खेती तालीम दुुई, डोल्पामा मिति २०७४।०२।०४ गतेबाट संचालन गरी २०७४।०२।०९ गते सम्पन्न गरिएको छ । हिमाली आयोजनाको अनुदान सहयोगमा डोल्पा जिल्लामा संचालित स्याउ खेती उप-आयोजनाका जम्मा २० जना व्यवसायीको सहभागीता रहेको थियो । जस अन्तर्गत १६ जना पुरुष र ४ जना महिला रहेका थिए ।

आयोजनाका प्राविधिक सहायक श्री चन्द्र प्रकाश रोकायको संयोजक तथा जिल्ला कृषि विकास कार्यालय डोल्पाको प्राबिधिक समन्वयमा संचालन भएको यो तालीमको मुख्य उद्देश्य स्याउ खेती उप-आयोजनामा संलग्न व्यवसायीहरुमा व्यवसायीक क्षमता अभिवृद्धि गर्ने रहेको थियो ।



# साझेदारको पाना

## कृषि उद्यम केन्द्र (AEC)/ ACI/ हिमालीका गतिविधि

२०१७, १७-१९ फेब्रुअरी मा काठमाडौंको भृकुटीमण्डपमा Media Space Solutions Pvt. Ltd., Nepal Futurex Trade Fair and Events, India द्वारा आयोजित Nepal Agritec International Expo मा AEC को संयोजकत्वमा हिमाली आयोजनाबाट केशर उत्पादन उद्योग जुम्ला (०८-०४८), एग्रो मनाङ (०५-००८) र निशान अल्लो कपडा उद्योग संखुवासभा (०१-००३) र मार्फा फलफूल खेती मुस्ताङ् (०६-०२५) को सहभागिता रहेको थियो । उक्त मेलाबाट सहभागी व्यवसायीहरूले क्रमशः ने.रू. ७६,०००, ९०,०००, ६०,००० र ४५,००० आम्दानी गर्न सफल भएका थिए ।

नेपाल उद्योग बाणिज्य महासंघ एवं उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजनाको संयुक्त आयोजनामा छैठौं अन्तराष्ट्रिय व्यापार मेला तथा हिमाली कृषि व्यवसाय प्रवर्द्धन प्रदर्शनी, मार्च १६ देखि २० सम्म काठमाडौंको भृकुटीमण्डपमा सम्पन्न भयो । सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूले उक्त मेलाको उद्घाटन गर्नुभएको थियो र उद्घाटन पश्चात प्रधानमन्त्री ज्यूबाट हिमाली आयोजनाबाट उत्पादित उत्पादनहरूको प्रदर्शनी स्टल अवलोकन समेत गर्नुभएको थियो । AEC/HIMALI का टोली प्रमुख राममणी पौड्यालले प्रदर्शनी स्टल अवलोकनको क्रममा हिमाली आयोजनाबारे जानकारी दिँदै, उत्पादित वस्तुहरुको बारेमा समेत सम्माननीय प्रधानमन्त्रीज्यूलाई जानकारी गराउनुभएको थियो । हिमाली आयोजना लागु भएका १० जिल्लाका ५० भन्दा बढी कृषिजन्य उत्पादनहरूलाई प्रदर्शनीमा राखिएको थियो । पाँच दिन सम्म संचालित उक्त मेलामा करीब १ लाख २० हजार अवलोकनकर्ताले अवलोकन गरेका थिए । उक्त मेलाबाट व्यवसायीहरुले नगद बिक्री र माग गरिएको वस्तुको मूल्य सहित करीव २ करोड बराबरको आम्दानी लिन सफल भएका थिए ।






मार्च २१ मा हिमाली आयोजनाको व्यवस्थापन कार्यालय, हरिहरभवनमा मेलाको समिक्षा सहित समापन कार्यक्रम सम्पन्न भयो । माननीय श्रीप्रसाद जगेबु, राज्यमन्त्री, पशुपन्छी विकास मन्त्रालयको प्रमुख आतिथ्यतामा आयोजित उक्त समापन कार्यक्रम डा. बिमल कुमार निर्मल, महानिर्देशक, पशु सेवा विभागको अध्यक्षता रहेको थियो भने अतिथिको रूपमा डा. युवक ध्वज जि.सी., सचिव, पशुपन्छी विकास मन्त्रालय, श्याम प्रसाद पौडेल, सहसचिव पशुपन्छी विकास मन्त्रालय, डा. केशब प्रसाद प्रेमी, सहसचिव पशुपन्छी विकास मन्त्रालय, डा. विजय कान्त भ्ा, आयोजना निर्देशक, हिमाली आयोजना, डिलाराम भण्डारी, महानिर्देशक, कृषि विभाग, दलराम प्रधान, राष्ट्रिय टोली प्रमुख, हिमाली आयोजना, प्रदीप महर्जन, प्रमुख कार्यकारी अधिकृत, कृषि उद्यम केन्द्र, डा. किशन चन्द ठकुरी, उप महानिर्देशक, पशु सेवा विभाग, राममणि पौडेल, टोली प्रमुख, हिमाली आयोजना (AEC) लगायत हिमाली आयोजनामा कार्यरत कर्मचारीहरु एवं उक्त मेलामा सहभागी उप-आयोजना संचालकहरुको उपस्थिती रहेको थियो । कार्यक्रमको सन्चालन AEC/HIMALI का क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ डा. हेमप्रभा पाण्डेले गर्नुभएको थियो । माननीय श्रीप्रसाद जगेबु, राज्यमन्त्री, पशुपन्छी विकास मन्त्रालयले मेलामा सहभागी व्यवसायीहरुलाई प्रशंसा-पत्र वितरण गर्दै हिमाली आयोजनालाई निरन्तरता दिनुपर्ने र १० जिल्लाबाट बढाएर २०-२२ जिल्लामा यो आयोजना लागु गरिनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो । डा. युवक ध्वज जि.सी.ले हिमाली आयोजनालाई निरन्तरता दिन मन्त्रालय सकारात्मक रहेको बताउनुभयो । डा. विजय कान्त भ्ााले हिमाली आयोजनाको हाल सम्मको प्रगती विवरण प्रस्तुत गर्नुभएको थियो भने राममणि पौडेलज्यूले हिमाली कृषि व्यवसाय प्रवर्द्धन प्रदर्शनी बारे संक्षिप्त जानकारी गराउनु भएको थियो ।

अप्रिल २४-२५ एवं २६-२७ मा AEC बाट क्रमशः क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ रन्जु शाह र युरान जोशीले हिमाली आयोजनाको अनुदानमा संचालित सत्याहर्बल इन्डस्ट्रिज प्रा. ली. र लुम्बिनी आयुर्वेद फार्मेसी प्रा. ली.को स्थलगत अनुगमन गरी प्रगती विवरण बारेमा जानकारी लिनुभयो ।

मे ६-१२ मा बंगलादेशको ढाकामा Asian Productivity Organization (APO) जापान र National Productivity Organization बंगलादेशको संयुक्त आयोजनामा आयोजित "Workshop on successful Models of Integrated Farming" मा AEC/HIMALI का टोली प्रमुख राममणी पौड्यालले "Successful Module of Integrated Agriculture Farming System in Nepal" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्र एग्रो मनाङ प्रा.ली. (०५-००८) मा आधारित उच्च घनत्वको स्याउ खेती प्रणाली बारेमा थियो र अन्य राष्ट्रका सहभागीहरूले समेत नेपालमा शुरु गरिएको उच्च घनत्वको स्याउ खेती प्रणालीको खुलेर प्रसंसा गरेका थिए ।

मे २०-२१ मा डोल्पामा हिमाली आयोजना व्यवस्थापन कार्यालयद्वारा आयोजित कृषि व्यवसाय व्यवस्थापन तालीममा हिमाली आयोजनाद्वारा अनुदान प्राप्त १९ जना व्यवसायी सहभागीलाई AEC बाट क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ युरान जोशी र पोखरामा आयोजित तालीममा AEC बाट क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ रन्जु शाहले २० जनालाई व्यवसाय व्यवस्थापन, लेखापालन लगायतका विषयमा कक्षा सन्चालन गराउनु भएको थियो । मे २४ मा हिमाली आयोजना व्यवस्थापन कार्यालयद्वारा पोखरामा आयोजित भेडापालन सम्बन्धी प्राविधिक तालीममा AEC/HIMALI का टोली प्रमुख राममणी पौड्यालले विषयवस्तु विशेषज्ञका रूपमा भेडापालनमा संलग्न १८ व्यवसायीहरूलाई भेडापालनमा देखिएका सम्भावना, चुनौती, प्राविधिक समस्या र समाधानका उपाय बारेमा प्रशिक्षण दिनुभयो । २३ जूनमा NAST ले आयोजना गरेको Academia Industry Dialogue कार्यशाला गोष्ठीमा paper commentator को रूपमा उपस्थित भई आफ्नो भूमिका निभाउनु भएको थियो । ७ जुलाईमा पशु उत्पादन निर्देशालय, हरिहरभवनले आयोजना गरेको "ऊन उत्पादन प्रवर्द्धनका लागि केन्द्रिय उनीधागो संघ, पस्मिना व्यवसायी संघ लगायतका अन्य सरोकारवाला निकायहरुसँगको अन्तरक्रियात्मक कार्यक्रममा पनि AEC/HIMALI टोली प्रमुख राममणी पौड्यालले विषय विशेषज्ञको रूपमा भूमिका निर्वाह गर्नुभएको थियो ।

यसैबीचमा AEC/HIMALI का क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ डा. हेमप्रभा पाण्डे, रन्जु शाह, युरान जोशी र श्रीकृष्ण गौतमको संयुक्त प्रयासमा, उप-आयोजना संचालकहरुको विद्यमान क्षमताको विश्लेषण गरी आगामी दिनमा आवश्यक पर्ने क्षमता विकासका क्षेत्र पहिचान गरी, व्यवसायको स्तर वृद्धी गर्ने कामका सहयोग पुगोस् भन्ने उद्देश्यले हिमाली आयोजनाद्वारा संचालित उप-आयोजनाहरूलाई उत्पादनको आधारमा वर्गिकरण गर्ने कार्य सम्पन्न भएको छ । त्यसैगरी, केहि जिल्लाका, केहि उप-आयोजनाहरूमा उत्पादित वस्तुहरु स्थानीय बजारमा बिक्री हुन नसकी भण्डारमा संचित हुन पुगेको छ भन्ने जानकारी आए अनुसार, के कति परिमाणमा संचित छन् तिनलाई सम्बन्धित खरीद कर्ताहरुसँग समन्वय गरी बिक्री बितरणलाई सहजीकरण गर्नको निम्ती बजार सर्वेक्षण समेत गरिएको छ ।

# आयोजना कार्यान्वयनमा संलग्न निकायहरू र सम्पर्क

## जिल्ला आयोजना समन्वयकर्ता, जिल्ला कृषि उद्यम विज्ञ तथा जिल्ला अनुगमन संयोजकहरू

| क्र.स | कार्यालय | फोन/फ्याक्स | ईमेल |
|---|---|---|---|
| | **सोलुखुम्बु (०३८ )** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ५२००१५ (P/F) | dadosolu@gmail.com |
| २ | DAES : श्री संजीव महर्जन मार्फतः जिल्ला कृषि विकास कार्यालय | ९८४३३१२४८० | maharjansanziv@gmail.com |
| ३ | DAM : श्री तुलसा आले मगर | ९८४८६७०३०७ | tulsaale@gmail.com |
| | **संखुवासभा (०२९)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ५६०१५९ | dlsosankhuwasabha@gmail.com |
| २ | DAES : श्री युवराज गुरूङ्ग मार्फत : जिल्ला पशु सेवा कार्यालय | ९८४१७४०५१० | yuvarajgrg25@gmail.com |
| ३ | DMC : श्री कमान सिंह राई | ९७४२०१०५०२ | k_singh6@yahoo.com |
| | **दोलखा (०४९)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ४२१११५ | dlsodolakha@gmail.com |
| २ | DAES :श्री रामचन्द्र अधिकारी मार्फत : जिल्ला उद्योग बाणिज्य संघ | ९८४१८७४६९९ | rc_adhikari2008@hotmail.com |
| ३ | DMC : श्री लिला बहादुर भुजेल | ९८४३३५९८६४ | bhujel.lb5@gmail.com |
| | **रसुवा (०१०)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ५४०१२९ | dlsorasuwa@gmail.com |
| २ | DAES : श्री बीरद लाल सिखु श्रेष्ठ | ९८४१३६३८०८ | biradsiku@gmail.com |
| ३ | DMC : श्री गंगा अधिकारी | ९८४३०४८६५ | ganga.adhikari@live.com |
| | **मनाङ (०६६)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ४४०२१३ | dadomanang1@gmail.com |
| २ | DAES : चेत बहादुर थापा | ९८४६०५९२५९ ९८१५१४९७५९ | chet.himaliaec@gmail.com |
| ३ | DMC : श्री सुनिता देवी श्रेष्ठ | ९८४६१०७७१३ | sunita.himali@gmail.com |

| क्र.स | कार्यालय | फोन/फ्याक्स | ईमेल |
|---|---|---|---|
| | **मुस्ताङ (०६९)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ४४०१२१ | subal_sah@yahoo.com |
| २ | DAES : श्री तीर्थराज ढकाल मार्फत : जिल्ला पशु सेवा कार्यालय | ४४००५७/ ९८५१०१७४४१ | tr_dhakal@yahoo.com |
| ३ | DMC : श्री गोकर्ण देवकोटा | ९८४१९६९५७० | gokarnadevkota@hotmail.com |
| | **जुम्ला (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ५२००२८ (P/F) | dlsojumla@yahoo.com |
| २ | DAES : श्री नारायण श्रेष्ठ | ९८५१२०७०११ | nshrestha111@gmail.com |
| ३ | DMC : श्री डम्बर बहादुर रोकाय | ९८४८३००६६३ | dbrokaya@gmail.com |
| | **मुगु (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ४६००८६ | dadomugu.govnp@gmail.com |
| २ | DAES : श्री जगत बहादुर भाम मार्फत : जिल्ला उद्योग बाणिज्य संघ | ९८४८३०८५१५ | bhamjagat@gmail.com |
| ३ | DMC : श्री दिर्घ राज पाद्याय | ९८६१७१९२९९ | drpadhayay@gmail.com |
| | **डोल्पा (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ५५००९९ | dadodolpa55@gmail.com |
| २ | DAES : श्री आङ बहादुर लामा मार्फत : जिल्ला कृषि विकास कार्यालय | ९८६०४२७५४६/ ९८५११५७८१७ | angblama@gmail.com |
| ३ | DMC : श्री हर्ष राज भट्ट | ९७४११४५३४० | bhatt.harsraj@gmail.com |
| | **हुम्ला (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ६८००११ | dadohumla@gmail.com |
| २ | DAES : श्री कमल बहादुर छत्याल | ९७४८९०१६५०/ ९८४८३३६२०० | svision.malla6200@gmail.com |
| ३ | DMC : श्री गगन बहादुर शाही | ९८४१५६३५१२ | wwwsgagan@gmail.com |

## कृषि उद्यम केन्द्र

| क्र.स | नाम, पद र कार्य क्षेत्र | सम्पर्क नंम्बर | ईमेल |
|---|---|---|---|
| १ | श्री राममणी पौडेल, टोली नेता AEC/हिमाली | ९८४८०२७२३१ | ramani.paudyal@aec-fncci.org |
| २ | श्री श्रीकृष्ण गौतम, क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ | ९८४१०४४४९१ | gtm.skg@gmail.com |
| ३ | डा हेमप्रभा पाण्डे, क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ | ९८४९९५१८५५ | pranamufour@gmail.com |

| क्र.स | नाम, पद र कार्य क्षेत्र | सम्पर्क नंम्बर | ईमेल |
|---|---|---|---|
| ४ | श्री युरान जोशी, क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ | ९८१७२४४४६८ | uran.joshi@gmail.com |
| ५ | श्री रन्जु शाह, क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ | ९८६००३३३४० | apranju5@gmail.com |



**प्रापक**

श्री ______________________________

______________________________

**प्रेषक**

नेपाल सरकार

पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

**उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजना**

हरिहरभवन, ललितपुर

फोन नं. ०१५५२५८३१, फ्याक्स : ०१५५२८६७०, टोल फ्री नं. १६६०-०१-१५५००, ईमेल : info@himali.gov.np, वेवसाईट : www.himali.gov.np

